**क्लाइमेट इन्भेस्टमेन्ट फण्ड कमिटिज (जलवायु लगानी कोषका समितिहरु ) का लागि नागरिक समाज पर्यवेक्षकको आत्मचयन प्रक्रिया**

**मतदाताहरुलाई निदेर्शनहरु**

**<u>मतदान गर्ने अवधि</u>** : जुलाइ २० सोमवार देखि जुलाई ३१ शुक्रवारको वीच सम्म सम्युक्त राज्यको पूर्वी समय अनुसार साँझ ५:०० वजे सम्म

**<u>मतदान गर्ने प्रक्रियाका लागि मार्गदर्शनहरु</u>**

- नाफा नगर्ने गरी गठन भएका नागरिक समाजका सदस्यहरु (जस्तै गैरसरकारी संगठनहरु (एन जि ओ) , नागरिक समाज संजालहरु, विकास तथा वातावरण संग सम्वन्धित संस्थाहरु, वौद्धिक चिन्तकहरु (थिङ्कटयाङ्कस) , स्थानीय समूदायहरु तथा आदिवासी जनजातिका मानिसहरुको समूहरु) का लागि यी सीटहरु छुट्याइएका छन् र पर्यवेक्षक पदका प्रत्यासीहरुलाई मतदान गर्न यस उल्लेखित क्षेत्रका सदस्यहरुलाई आव्हान गरिन्छ । कृपया याद गर्नुहोस वर्ल्ड विजिनेश काउन्सिल अन सस्टेनेवल डेभलपमेन्ट ले निजी क्षेत्रका पर्यवेक्षकहरुको सीटका निम्ति छुट्टै प्रक्रिया अपनाउदै छ ।
- कृपया प्रत्येक समिति (स्वच्छ प्रविधि कोष (सि आइ एफ ) रणनीतिक जलवायु कोष (एस सि एफ) तथा उत्फुलन पछि जलवायु पूर्वस्थितिमा आउनका लागि संचालित प्रयोगात्मक कार्यक्रम (पि पि सि आर)) का लागि एक एक जना चुन्नुहोस ।
- एउटा संगठनले एउटा मात्र मत दिने गरी आफूलाई सीमित गर्नका लागि हामी संगठनहरुलाई आग्रह गर्दछौ । यदि हामीले त्यही संगठनवाट धेरैवटा मत खसालेको पायौ भने रेसोल्भ ले तिनीहरुलाई मिलाएर एकीकृत गर्ने काम आफै अवलम्वन गर्न पनि सक्ने छ ।
- कृपया एउटा क्षेत्रलाई मात्र छान्नुहोस (अफ्रिका, एसिया/प्रशान्त, विकसित देशहरु तथा ल्याटिन अमेरिकी देशहरु) र सोही आधारका आफ्नो क्षेत्रका उम्मेदवारहरुलाई मात्र मतदान गर्नुहोस ।
- पूरा जानकारी सहित छनौट गर्ने काम गर्न तथा आत्युत्तम नतीजाहरु प्राप्त गर्ने कुरामा सुनिश्चितता गर्न कृपया "नागरिक समाज पर्यवेक्षकहरुका निम्ति निर्धारित मापदण्ड" www.resolv.org/cif/application मा हेरेर पुनरविवेचना गर्नुहोस । नागरिक समाजसंग सम्वद्ध समुदयका सदस्यहरु तथा रेसोल्भ को सल्लाहकार समिति संगको परामर्शमा यी मापदण्डहरु तयार गरिएका हुन । यी मापदण्डहरु अरवी, वंगाली, चिनीया, कम्वोडियाली/ खेमर , फ्रेन्च , नेपाली, पुर्तुगाली, रसियन, स्पेनिस, राजिक तथा तुर्की भाषाहरुमा उपलब्ध छन् ।
  - स्वच्छ प्रविधि कोष (सि टि एफ) अन्तरगत हाल लगानी भैरहेका देशहरुमा मिश्र, मेक्सिको र टर्की छन् ।
  - पि पि सि आर कार्यक्रम ग्रहण गर्ने देशहरुमा हाल वंगलादेश, वोलिभिया, कम्वोडिया, मोजाम्विक, नेपाल, नाइजेरीया, ताजिकिस्तान, यमन तथा जाम्विया छन् ।

**<u>मतदान कार्यसंग सम्वन्धित वेवसाइटलाई कसरी प्रयोग गर्ने</u>**

कृपया भोटिङ (मतदान) सम्वन्धी वेवपेज www.resolv.org/cif/voting लाई हेर्न थाल्नुहोस । यसलाई खोल्नका लागि कृपया निम्न वमोजिमको सूचना त्यस्मा हाल्नुहृस :

**नाम :**
**संगठन/संजाल/समुदाय :**
**इमेल :** (यदि छैन भने खाली छोड्नुहोस)
**क्षेत्र :** (एउटा मात्रै छान्नुहोस)
१ अफ्रिका
२ एसिया/प्रशान्त
३ विकसित देशहरु
४ ल्याटिन अमेरीका

तपाइले यी सूचनाहरु हालि सकेपछि तपाइको आफ्नो क्षेत्रका लागि मतदान गर्ने कार्यमा आफ्नो छनौट गर्न "ओके" लेखिएको वटनलाई क्लिक गर्नुहोस ।

तपाइको क्षेत्रको लागि मतदान गर्न भनी राखिएको पानामा, तपाइले छनौट गर्न रुचाउनु भएको उम्मेदवारको संक्षिप्त व्यक्तिगत विवरण दिइएको ठाँउ भन्दा पछि रहेको चाही अर्को वटनलाई क्लिक गर्नुहोस । कृपया एउटा समितिका लागि एउटा उम्मेदवार छान्नुहोस । उम्मेदवारका व्यक्तिगत संक्षिप्त विवरण अर्को भाषामा पढ्नका लागि पि डि एफ फायल खोल्न अंग्रजी भाषामा दिइएको संक्षिप्त व्यक्तिगत विवरण संगै रहेको पढ्न खोजिएको अर्को उपयुक्त भाषालाई क्लिक गर्नुहोस । (यदि तपाइ संग अडोबि एक्रोव्याट रिडर छैन भने यसलाई डाउनलोड गर्नका लागि यो लिङ्कलाई प्रयोग गनुहोसः http://get.adobe.com/reader/) उम्मेदवारको आवेदनको पूर्ण विवरण अंग्रजीमा हेर्नका लागि अंग्रेजीमा दिइएको उनीहरुको विवरणको तलको लिङ्कलाई क्लिक गर्नुहोस ।  तपाइले कसलाई हो छान्ने भन्ने कुरा आफूले एकिन गरी सक्नु भए पछि तपाइको छनौटहरु दर्ता गर्नका लागि कृपया “ओके” लेखिएको वटनलाई क्लिक होस ।

यदि तपाइका कुनै प्रश्नहरु छन् भने कृपया मार्क लुइसलाई  mlewis@resolv.org मा वा (+१) २०२. ९६५.६२११ मा अथवा मेलानी हर्टम्यानलाई mhartmann@resolv.org अथवा (+१) २०२. ९६५.६२०४ मा सम्पर्क गनुहोस ।

**प्रक्रिया चलाउने सिलसिलामा यस पछिका कदमहरु**

प्रत्येक समितिलाई छुट्याउने सीटहरु अन्तिम रुपमा निकाल्नका लागि, रेसोल्भ र सल्लाहकार समितिले मतदान प्रक्रियाको नतीजाहरु पहिलो प्राथमिकता र सन्तुलन हासिल गर्नका लागि वनाइएको मापदण्ड (“नागरिक समाज पर्यवेक्षहरुको लागि मापदण्ड” को लागि www.resolv.org/cif/application मा दिइएको विस्तृत दस्तावेज) माथि दोश्रो प्राथमिकता दिएर विचार गर्नेछन् । उदाहरणका लागि, चारवटै समितिहरुका निम्ति प्रस्तावित पर्यवेक्षकहरुमा छानिनेमा कोही पनि महिला परेनन् भने रेसोल्भ तथा सल्लाहकार समितिले तोकिएको क्षेत्र महिलाहरु मध्ये वढी मत प्राप्त गर्ने महिलालाई उनको क्षेत्रको सीटमा छनौट गर्नेछ र पहिलो स्थान हासिल गरेको उम्मेदवारलाई वैकल्पिकमा राख्ने गरी निर्णय गर्न सक्नेछन् ।

रेसोल्भ ले पर्यवेक्षकहरुको अन्तिम सूची सि आइ एफ को प्रशासनिक शाखालाई अगष्ट ७ सम्ममा पठाउने छ । यसो गर्नुको उद्देश्य अन्तिम रुपमा गरिने छनौटहरुमा स्थापित मापदण्डहरुलाई सकेसम्म धेरै मात्रामा अपनाइएको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि हो ।